## श्री कास्की जिल्ला अदालतद्वारा जारी प्रेस विज्ञप्ति

मिति २०७७/१०/०८

मङ्गलबार माघ ६, २०७७ मिति राखी "जिल्ला अदालतका कर्मचारीले घुस मागे: पीडित" शीर्षक राखी Ganthan.com नामक अनलाइनले प्रकाशित गरेको समाचारमा यस अदालतको ध्यानाकर्षण भएको छ ।

"जिल्ला अदालत कास्कीमा कार्यरत ४ जना करार कर्मचारीको पुस मसान्तमा म्याद सकिई पुनः करार नवीकरण गर्ने निवेदन दिएपछि अदालतका सिनियर कर्मचारीले जनही ५० हजार रुपैयाँ मागेको भनी" अदालतका ३ कर्मचारीमाथि आरोप लगाउँदै तथाकथित २ जना कार्यालय सहयोगीको काल्पनिक नाम उल्लेख गरी के नाम गरेको कुन दर्जाको कर्मचारीले कहिले, कहाँ र कसरी घुस मागेको हो सो कुरा नखुलाई कुनैपनि प्रमाण विना पत्रकारिताको सामान्य सिद्धान्त समेत पालना नगरी प्रकाशित समाचार तथ्यहीन, कपोलकल्पित, भ्रामक र खेदपूर्ण भएको बेहोरा जानकारी गराउँछु ।

हालै यस जिल्ला अदालतमा माननीय न्यायाधीश श्रीकृष्ण भट्टराईले नेतृत्व गरेको न्यायाधीश तथा स्रेस्तेदारको टिम आएपछि कास्की जिल्ला अदालत बार एशोसियसन, उच्च अदालत बार एशोसियशनका पदाधिकारीहरू, कास्की जिल्लास्थित वरिष्ठ अधिवक्ताहरू एवं नेपाल बार एशोसियशनका केन्द्रीय उपाध्यक्ष, केन्द्रीय सदस्य र केन्द्रीय पार्षदहरू समेतसँग विभिन्न मितिमा भएको छुट्टाछुट्टै अन्तर्क्रिया कार्यक्रम, कर्मचारी र सेवाग्राहीहरूबाट प्राप्त गुनासो र सिकायतसमेतलाई सम्बोधन गर्ने क्रममा सेवा करारमा नियुक्ति लिई करिब डेढ दशक लामो समयसम्म यस अदालतमा कार्यरत रहँदाको अवधिमा सबैभन्दा बढी गुनासो आएका, अत्यन्त विवादित, कार्यसम्पादनस्तर कमजोर भएका, अनुशासनहीन व्यक्तिहरूको सेवा करारको अवधि यही २०७७ पुस मसान्तमा समाप्त भएपछि निजहरूको सेवा करार अवधि थप नगरिएको हो । सेवाग्राहीहरूलाई छिटो, छरितो प्रभावकारी सेवा प्रवाह गरी स्वतन्त्र र निष्पक्ष न्याय सम्पादन गर्ने यस अदालतको प्रतिवद्धता एवं भ्रष्टचारप्रति शून्य सहनशिलता अपनाई सुशासन कायम राख्ने यस अदालतको नीतिमा बाधक भएकोले नियमसम्मत रूपमा निजहरूको करार अवधि नवीकरण नभएको बेहोरा जानकारी गराउँछु ।

उत्तरदायी, सन्तुलित र विश्वासनीय रूपमा सत्य, तथ्यमा आधारित निष्पक्ष समाचार प्रकाशन गर्ने पत्रकारिताको सामान्य सिद्धान्तको समेत ख्याल नराखी प्रबृत्त भावना राखी न्यायपालिका प्रतिको जनआस्था गिराउने कलुषित भावनाले प्रकाशित अदालतको अबहेलनाजन्य यो समाचार पीत पत्रकारिताको निकृष्ट नमूना भएकोले आइन्दा अदालत र न्यायपालिकाको छविमा असर पर्ने कुनैपनि समाचार प्रकाशित गर्नुपूर्व यस अदालतका सूचना अधिकारी एवं अदालत प्रशासनसँग सत्य तथ्य बुझेर मात्र समाचार प्रकाशन गर्नुहुन विभिन्न समाचार संस्थासँग आवद्ध सम्पूर्ण पत्रकार महोदयहरू एवं नेपाल पत्रकार महासङ्घ र प्रेस काउन्सिलको समेत ध्यानाकर्षण गराउँछु ।


निलप्रसाद पनेरू

सूचना अधिकारी

(98462-66947)